महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

नेत्रावती डबजोङ गाउँपालिका

धादिङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

नेत्रावती डबजोङ गाउँपालिका

धादिङ



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

नेत्रावती डबजोङ गाउँपालिका

धादिङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८।०७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट मूलतः बजेट अवण्डा राखि खर्च गरेको, खर्चको तुलनामा आन्तरिक आयको हिस्सा न्युन रहेको, बर्षान्तमा बढी खर्च गरेको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, दरबन्दी अनुसार पदपुर्ती नभएको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको जस्ता व्यहोराहरु देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको जस्ता समस्याहरु रहेका छन् ।

उल्लिखित विषयहरुका अलवा स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको समेत देखिएन । त्यसैले

लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय बागमती प्रदेश

पत्र संख्याः २०७९।०८०
च.नं. १३७ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
नेत्रावती डवजोङ् गाउँपालिका,नगरकार्यपालिकाको कार्यालय,
धादिङ्ग ।

कैफियत सहितको राय

हामीले नेत्रावती डवजोङ् गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिका/नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू १ करोड १२ लाख ५४ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १५ लाख ८१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १७ लाख ७७ हजार, नियमित गर्नुपर्ने रु ७८ लाख ८७ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु २ करोड ५९ लाख ५६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु ३ करोड ७२ लाख रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

नेत्रावती डवजोङ् गाउँपालिका धादिङ्ग

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
२१	१०	११२४४	०	०	०	२१	१०	११२४४	१५८१	७८८७	१७७७	०	०	९६६३	०

१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

क्र.सं	प्रारम्भिक प्रतिवेदनको दफा नं.	छोटकरी व्यहोरा	रकम रु.

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
नेत्रावती डवजोङ्ग	२५९५६	०	०	२५९५६	०	११२४४	३७२००

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : नेत्रावती डवजोड गाउँपालिका, धादिंग , नेत्रावती डबजोड गाउँपालिका , धादिङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	श्याम कृष्ण पौडेल	२०७७-४-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	टिकाराम अधिकारी	२०७७-७-२७	हाल सम्म कार्यरत
		बेरुजु रकम	११,२४४,२३३

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१५,२८,६७,०००	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२३,९५,०६,०००	**चालु खर्च**	२२,१८,७०,०००
प्रदेश सरकारबाट अनुदान	५,२७,५९,०००	**पूँजीगत खर्च**	१४,७९,१३,०००
राजश्व बाँडफाँट	२९,६५,६१,०००	**वित्तीय/अन्य व्यवस्था**	१,१५,४९,०००
आन्तरिक आय	६,८६,७२,०००		
अन्य आय	३४,७६,०००		
कुल आय	६६,०९,७४,०००	**कुल खर्च**	३८,१३,३२,०००
बाँकी मौज्दात		१५,३१,४६,०००	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>नेत्रावती डबजोङ गाउँपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७८।७९
स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ५ वडा, १८१.८ वर्ग किलोमिटर क्षेत्रफल तथा १२ हजार ८७० जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>स्थानीय सञ्चित कोष स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आयव्यय हिसावको आर्थिक वर्ष २०७७।०७८ को वित्तीय प्रतिवेदन म.ले.प.फा.न. २७२ निम्न वमोजिम रहेको छ । (रु. हजारमा)
<table>
<tr><th rowspan="2">विवरण</th><th colspan="2">यसवर्षरु.</th><th>गतवर्षरु.</th></tr>
<tr><th>बजेट</th><th>भुक्तानी</th><th>भुक्तानी</th></tr>
<tr><td>प्राप्ती(क+ख)</td><td>३९८००२</td><td>३७८०१६</td><td>२८२५४२</td></tr>
<tr><td>क.प्राप्ति(संचितकोषमाआम्दानीबाँधिने)</td><td>३८९८८६</td><td>३६४४१२</td><td>२६५०२०</td></tr>
<tr><td>११०००कर</td><td>६४४१४</td><td>६४३७६</td><td>५५९८६</td></tr>
<tr><td>१३०००अनुदान</td><td>३२५४७२</td><td>२९६५६१</td><td>२०६५६७</td></tr>
<tr><td>संघीयसरकार</td><td>२४९४४१</td><td>२३९५०६</td><td>१६२०३६</td></tr>
<tr><td>प्रदेशसरकार</td><td>५२७५९</td><td>५२७५९</td><td>४४५३१</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
			अन्तरिकश्रोत	१७८७३	०	०	
			जनसहभागिता	५३९९	४२९६	०	
			१४०००अन्यराजस्व	०	३४७६	२४६६	
			ख.अन्यप्राप्ति	८११५	१३६०४	१७५२३	
			वितरणगर्नबाकीराजस्व	०	०	१७३	
			कोषहरु	८११५	९९०७	१२६१४	
			धरौटी	०	३६९७	४७३५	
			संघीय,प्रदेशसरकारवाअन्यकार्यक्रम	०	०	०	
			भुक्तानी(ग+घ)	५०८५९०	३८१३३३	४११२१८	
			ग.भुक्तानी(सञ्चितकोषबाट)	५००४७५	३६९७८४	४००४१५	
			२१०००पारिश्रमिक/सुविधा	५०३४७	३२१४९	६७०३६	
			२२०००मालसामानतथासेवाकोउपयोग	१६९०८२	१३८३०३	९१६३०	
			२५०००सहायता(Subsidy)	०	०	१०९०६	
			२६०००अनुदान	५३८५	४९१०	५०८९	
			२७०००सामाजिकसुरक्षा	८८६१	३९८९	६०९४	
			२८०००अन्यखर्च	५३६९९	५३४६१	४१०४२	
			३१०००गैरवित्तीयसम्पत्ती/पूँजीगतखर्च	२१३१०१	१३६९७२	१७८६१८	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

घ.अन्यभूक्तानी	८११५	११५४९	४११२१८
कोषहरु	८११५	८००२	९४८९
धरौटी	०	३६६४	१३१४
संघीय,प्रदेशसरकारवाअन्यकार्यक्रम	०	०	०
कट्टीरकमभुक्तानी/दाखिलागर्नबाकी		-११७	
ङ.योवर्षकोबचत(न्युन)	-११०५८९	-३३१७	-१२८६७६
च.गतवर्षकोजिम्मेवारीरकम(अ.ल्या)		१५२८६७	१२२६०२
वर्षान्तकोबाकीरकम(ङ+च)	-११०५८९	१४९५५०	-६०७४
बैंकतथानगदबाकी		१४९५५०	१५८३९०

गाँउपालिकाले पेश गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरु निम्नानुसार रहेका छन्: (रु हजारमा)

विवरण	बजेट
सामाजिक सुरक्षा तथा संरक्षण	७१८६३७७६
गरिवसंग विश्वेश्वर	४६४०००
पर्यटन पूर्वाधार विकास आयोजना	१५०००००
जम्मा	७३८२७७७६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• म.ले.प.फा.न. २७२ अनुसारको वित्तीय प्रतिवेदनमा शुरु मौज्दात रु. १५,२८,६७ हजार, आम्दानी रु. ३७,८०,१६ हजार तथा खर्च र खर्च रु. ३८,१३,३३ हजार पछि मौज्दात बाँकी रु. १४,९५,५० हजार देखाएकोमा कुल आम्दानीको जोडजम्मा रु. ६६,०९,७४ हजार लेखाङ्कन हुनुपर्नेमा फरक आम्पदानी लेखाङ्कन भएकोले अन्तिम मौज्दात रु. १५,३१,४६ लेखाङ्कन हुनुपर्नेमा रु. १,४,९५,५० मात्र लेखाङ्कन भएको छ । अन्तिम मौज्दात रु. ३५९८ हजार न्यून लेखाङ्कन भएको सम्वन्धमा यकिन गरी हिसाव मिलान गर्नुपर्ने देखिन्छ । • आर्थिक वर्ष ०७८।७९ को महालेखापरीक्षकको प्रतिवेदनमा बैंक मौज्दात बांकी रु. १२,५९,००,०००.०० देखाएकोमा यस वर्षको प्राप्ति भुक्तानी हिसावमा रु. १५,२८,६७,०००.०० देखाएकोले फरक रु. २,६९,६७,०००.०० का सम्वन्धमा हिसाव मिलान गरी प्राप्ति भुक्तानी हिसाव यथार्थ बनाउनुपर्ने देखिन्छ ।	
३			**लेखापरीक्षणको सीमा** उल्लेखित आर्थिक कारोवारको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) काे सूचना प्रविधिमा आधारित स्वीकृत लेखापरीक्षण योजना, कार्यालयबाट पेश गरिएको बार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरु, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधारमानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरुसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरु निम्नानुसार रहेका छन्:	
४			**लेखापरीक्षणको क्रममा अशुली** गाउँपालिकाको लेखापरीक्षणका क्रममा रु. ६३८१७ .00 अशुल भई बेरुजु खातामा दाखिला भएको छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५			**आन्तरिक नियन्त्रण :** पालिकाले अवलम्वन गरेको आन्तरिक नियन्त्रणका सम्वन्धमा देखिएका व्यहोरा देहायमा उल्लेख छ ।	
५.१			स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। नगरस्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् । वजेट व्यवस्थापनतर्फ : • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन । • स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको तथा सम्वन्धित निकायमा पेश गरेकोप्रमाण उपलव्ध भएन। • अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचनातयार गरेको देखिएन । • दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन । • स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरेको सम्वन्धमा प्रमाण पेश हुन आएन । • स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरी आगमी वर्षका लागि सुधारको मार्गचित्र तयार गरेको देखिएन । भ्रमण खर्च व्यवस्थापनतर्फ : • भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख खडा गरी व्यवस्थित गरेको देखिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिई प्रतिवेदनका व्यहोरा कार्यान्वयन गरेको देखिएन । • भ्रमण खर्च नियमावली,२०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने कर्मचारीले दैनिक भत्ता उपभोग अवधिभरी फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने प्रावधान छ ।कर्मचारीलाई दैनिक भत्ता भुक्तानी गर्दा स्थानीय भत्ता कट्टा गरेको देखिएन । यस सम्वन्धमा कार्यालयबाटै छानविन गरी दैनिक भत्ता उपभोग गरेको अवधिको स्थानीय भत्ता असुल गर्नु पर्दछ । साथै दुर्गम भत्ताका सम्वन्धमा समेत प्रचलित कानुन तथा कार्यविधि पूर्ण रुपमा पालना गराउन पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । • पालिकाको निर्णयबाट कर्मचारीको तहबृद्दि गरेको सम्वन्धमा निर्णय तथा सम्वन्धित फाइल पेश भएन । यसवाट तहबृद्दि सम्वन्धमा निर्णय गर्दा प्रचलित कानुन तथा कार्यविधि पालना गरे नगरेको सम्वन्धमा यकिन भएन । खरिद व्यवस्थापन तर्फ : • स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गरेको पाइएन । • सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको सम्वन्धमा प्रमाण पेश गरेको छैन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरी मर्मत संभार दायित्व सहित अभिलेखिकरण गरेको देखिएन । • सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण अनिवार्य नगरेकोले योगदान प्रतिशतमा असमानता हुनुका साथै योजना निर्माणको वास्तविक अवस्था यकिन भएन । • स्थानीय तहले निर्माण व्यवसायी मार्तफतको कार्यमा गुणस्तर परीक्षण गरेको प्रमाण संलग्न गरेपनिउपभोक्ता समिति मार्फत गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको देखिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• उपभोक्ता समिति मार्फत गरेको सवै कार्यको अनुगमन गरेको पाइएन साथै अनुगमन गरेका कार्यमा समेत अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार गरेको देखिएन । • उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न भएको सम्वन्धमा यकिन हुने प्रणाली तयार गरेको देखिएन । • स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको अभिलेख गरी कार्रयान्खेवयन अवस्थासंग आवद्द गरेको देखिएन । शिक्षातर्फ : • स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरी अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था गर्नु पर्दछ । • शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन भएको देखिएन । • शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्रुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको देखिएन । • संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित रहेको पाइएन । • संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक गरेको पाइएन । विविध तर्फ :	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको पाएयो भने इ.टी.डि.एस. गर्ने गरेको देखिएन । • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन । • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गरेको पाइएन । • विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटी कायम गर्नु पर्दछ । • म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख राखेको पाइएन । • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको देखिएन । • निजामती सेवा ऐन, २०४९ स्वास्थ्य सेवा ऐन, २०५३ तथा शिक्षा नियमावली,२०५९ मा तलबी प्रतिवेदन पारित गरेर मात्रै तलव खर्च लेख्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले निजामती, स्वास्थ्य तथा शिक्षा सेवाका विभिन्न पदमा कार्यरत कर्मचारीको तलव भुक्तानी गर्दा तलवी प्रतिवेदन पारित गरेको देखिएन । यसबाट कर्मचारीको भत्ता एवं ग्रेड सुविधा यकिन हुन सकेन । अतः तलबी प्रतिवेदन पारित गरेर मात्रै खर्च गर्नुपर्ने देखिन्छ।	
५.२			भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरिएको छ । यस सम्बन्धमा लेखापरीक्षणमा देखिएका व्यहोरा निम्नानुसार छन् :	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राख्नुपर्ने देखिएको, • म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राख्नुपर्ने देखिएको, • म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन संलग्न गरेर मात्र खर्च फरफारक गर्नुपर्ने देखिएको ।	
५.३			सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप फारामको व्यवस्था छ । यस सम्बन्धमा लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायमा उल्लेख छ । • म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक व्यवस्थित गरी अद्यावधिक गरेको देखिएन । • म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख सवारी साधनगत रुपमा राख्नुपर्नेमा राखेको देखिएन सवारीसाधन इन्धन तथा मर्मत अभिलेख व्यवस्थित गर्नु पर्दछ ।	
६			**सम्पत्ती उपयोग :** सम्पत्ति उपयोग र संरक्षणका सम्वन्धमा देखिएका व्यहोरा देहायमा उल्लेख छ ।	
६.१			पालिका अन्सतर्गत हस्तान्तरण भई आएको र पालिकाले हस्तान्तरण गरी वडा तथा विभिन्न निकायलाई प्रदान गरेको सम्पत्ती हस्तान्तरण सहितको अभिलेख कायम गर्नुपर्ने व्यवस्था छ । सम्पत्ती हस्तान्तरण सम्वन्धमा देखिएका व्यहोरा देहाय अनुसार छ । • साविक गाउँ विकास समितिको सम्पत्ति हस्तान्तरण गरी अभिलेख अद्यावधिक गरेको छैन । • साविकका संघीय विषयगत कार्यालयको सम्पत्ति हस्तान्तरण गरी अभिलेख अद्यावधिक भएको छैन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• साविकका कार्यालयका कोषहरु हस्तान्तरण र अभिलेख अद्यावधिक गरेको देखिएन ।	
६.२			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा गरेको देखिएन ।	
६.३			सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोगका सम्वन्धमा देखिएका व्यहोरा देहाय अनुसार छ । • सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख अद्यावधिक गरेको देखिएन । • सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड तयार गरेको देखिएन । • संरक्षण र उपयोग नीति तथा मापदण्डको पालना भएको सम्वन्धि अभिलेख कायम गरेको देखिएन । • संरक्षण र उपयोग नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गरेको देखिएन ।	
६.४			जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन । म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखे नराखेको र अद्यावधिक भए नभएको सम्वन्धमा परीक्षण गर्दा लगबुक राखेको देखिएन । म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राख्नुपर्नेमा राखेको पाइएन । स्थानीय तह भित्रका सरकारी, एलानी तथा प्रति जग्गाको अभिलेख अद्यावधिक तथा एकीकृत नगरेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश म.ले.प.फारम नं ४१४ स्वीकृत गराई र मर्मत अभिलेख म.ले.प.फारम नं ४१५ मर्मत गराई खर्च लेख्नु पर्नेमा पर्याप्त प्रमाण कागजात कायम गरेको पाइएन ।	
६.५			सरकारी सम्पत्तिको अभिलेख व्यवस्थित गर्न लागु भएको सरकारी सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) मा पालिकाको सवै सम्पत्तिको विवरण अद्यावधिक गरेको देखिएन । एकिकृत जिन्सी नराखी शाखागत तथा वडागत जिन्सी अभिलेख कायम	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गरेकोमा वडामा गत विगत देखिनै रहेको जिन्सी सामानको अभिलेख अद्यावधिक हुनेगरी व्यवस्थित गरेको देखिएन । सम्पत्ती व्यवस्थापन प्रणाली प्रभावकारी बनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>दरवन्दि अवस्था : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा देहाय अनुसार अधिकृत र सहायक स्तर गरी १११ दरवन्दी रहेकोमा ३४ मात्र स्थाई पदपूर्ति भएको पाइयो । रिक्त ७७ मध्ये ४४ पदमा करार सेवाबाट कर्य गराएको छ भने ३३ पद रिक्त रहेको छ ।
<table>
<tr><th rowspan="2">विवरण</th><th rowspan="2">पद</th><th rowspan="2">दरवन्दि संख्या</th><th colspan="2">पदपुर्ति संख्या</th><th rowspan="2">रिक्त</th></tr>
<tr><th>स्थाई</th><th>करार</th></tr>
<tr><td>गा.पा स्तर</td><td>अधिकृत स्तर</td><td>११</td><td>६</td><td>२</td><td>५</td></tr>
<tr><td></td><td>सहायक स्तर</td><td>४५</td><td>१५</td><td>१५</td><td>३०</td></tr>
<tr><td>शिक्षा</td><td>अधिकृत स्तर</td><td>१</td><td>१</td><td>०</td><td>०</td></tr>
<tr><td></td><td>सहायक स्तर</td><td>१</td><td>१</td><td>०</td><td>०</td></tr>
<tr><td>कृषि</td><td>अधिकृत स्तर</td><td>१</td><td>०</td><td>२</td><td>१</td></tr>
<tr><td></td><td>सहायक स्तर</td><td>४</td><td>०</td><td>२</td><td>४</td></tr>
<tr><td>पशु सेवा</td><td>अधिकृत स्तर</td><td>१</td><td>०</td><td>०</td><td>१</td></tr>
<tr><td></td><td>सहायक स्तर</td><td>३</td><td>०</td><td>३</td><td>३</td></tr>
<tr><td>स्वास्थ्य</td><td>अधिकृत स्तर</td><td>३</td><td>०</td><td>०</td><td>३</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>सहायक स्तर</td><td>३३</td><td>५</td><td>२०</td><td>२८</td></tr>
<tr><td>महिला तथा वालवालिका</td><td>अधिकृत स्तर</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td></td><td>सहायक स्तर</td><td>१</td><td>०</td><td>०</td><td>१</td></tr>
<tr><td>इन्जिनियरिङ्ग</td><td>अधिकृत स्तर</td><td>१</td><td>१</td><td>०</td><td>०</td></tr>
<tr><td></td><td>सहायक स्तर</td><td>६</td><td>५</td><td>०</td><td>१</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१११</td><td>३४</td><td>४४</td><td>७७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>शिक्षा आन्तरिक नियन्त्रण : सेनिटरी प्याड खरिद, सफ्टवेयर खरिद तथा सार्वजनिक सुनुवाइका सम्वन्धमा देखिएका व्यहोरा देहायमा उल्लेख छ ।</td><td></td></tr>
<tr><td>८.१</td><td></td><td></td><td>सेनीटरी प्याड वितरण व्यव्थापन कार्यविधि,२०७६ अनुसार सामुदायीक विद्ययालयका छात्राहरुलाई निशुल्क स्यानीटरी प्याड वितरण कार्यक्रम अनुसार गाउँपालिका शिक्षा शाखाले स्नानीटरी प्याड खरीद गरेको पाइयो । यसरी खरिद गरिएका सेनीटरी प्याड लेखापरीक्षणको अवधि सम्म पनि सम्बन्धित विद्यालयमा बाढेको पाइएन । कार्यविधले तोकेको मापदण्ड अनुसार गाँउपालिकाले खरिद गरिएका स्यानीटरी प्याड वितरण गरि सोको भरपाइ पेश हुनुपर्ने रु..</td><td>६६६,८०८</td></tr>
<tr><td>८.२</td><td></td><td>२०७९-५-१४</td><td>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७८ बमोजिम स्थानीय तहको सार्वजनिक सेवा प्रवाह प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नु पर्ने व्यस्था छ । पालिकाले यस व्यवस्था अनुसार सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई गरेको पाइएन । सार्वजनिक परिक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पार्दर्शिता कायम नहुने हुँदा सार्वजनिक सुनुवाइ र सर्वजनिक परिक्षण गर्ने तर्फ पालिकाले ध्यान पुर्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>८.३</td><td></td><td>२०७९-५-१४</td><td>नेपालसरकारको सुचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका,२०७१ को बुदा नं ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सुचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयारी गरी मानक अनुरुप भए नभको निर्धारण गर्न सुचना प्रविधि विभागबाट स्वीकृत गराउनु</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पर्ने व्यवस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवयर खरीद गरेकोमा खरिद भएका सफट्वयरको सुचना तथा प्रविधि विभागबाट स्वीकृ लिएको देखिएन । यस्ता सफट्वयर स्वीकृत लिइर मात्र प्रयोग ल्यानु पर्दछ ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td>२०७९-५-१४</td><td>कानुन निर्माण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ऐन ८ , नियमावली ३ , कार्यविधि ३५ र निर्देशिका २ वटा बानाइ कार्यन्वयनमा ल्याएको छ ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>विविध व्यहोरा : देहायमा उल्लखित कार्यक्रमका सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार उल्लेख छ ।</td><td></td></tr>
<tr><td>१०.१</td><td></td><td></td><td>कृषि संकलन केन्द्र नेत्रावती ४, भराङ्भुरुङ् मा संकलन केन्द्र निर्माणका लागी रु. १८,३०,६१३.०० लागत अनुमान रहेकोमा कार्यालयको रु. १५,००,०००.०० र उपभोक्ता समितिको रु. ३,३०,६१३.०० रकम योगदान रहने गरी मिति २०७८।६।१४ मा सम्झौता भएको पाइयो । कृषि उपज संकलन केन्द्र ले कौशिल्या सप्लायर्स विदुर २ बाट ४० एम एम वण्डलको ४ वण्डल वा ६६।९६ मिटर स्वाक्यर जस्ता खरिद गरेको देखिन्छ । नापी किताब अनुसार १९२ मिटर स्वाक्यर जस्ता पाता प्रयोग भइ सोही बमोजिम भुक्तानी गएकोले बढी १२५ मिटर स्क्वायर को रु. ८३९ का दरले रु. १,०४,९०८.५६ अशुल गरी दाखिला गर्नुपर्दछ ।</td><td>१०४,९०८</td></tr>
<tr><td>१०.२</td><td></td><td></td><td>पर्यटन पुर्वाधार कार्यक्रम अन्तरगत ज्याम्पल दोर्जे गुम्बा निर्माण उपभोक्ता समितिले गुम्बा निर्माण तामाङ्ग ग्रुप प्रा.ली सँग विभिन्न सामान खरिद गर्दा प्रयोग गरीएका विलहरुमा विजक हरु केरमेट भएको देखिएकोले सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने देखिन्छ । रु...
<table>
<tr><th>सि न</th><th>विजक नं</th><th>रकम</th><th>जारी मिति</th></tr>
<tr><td>१</td><td>१८३०</td><td>३५६२८।७०</td><td>२०७९।३।१९</td></tr>
<tr><td>२</td><td>१८५०</td><td>६३५२५।२१</td><td>१०७९।३।१९</td></tr>
<tr><td></td><td>जम्मा</td><td>९९१५३.९१</td><td></td></tr>
</table></td><td>९९,१५३</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०.३			महेन्द्रबाराही स्कूल भवन निर्माण कार्यको लागी ओ एस निर्माण सेवाले रु. ११,९९,२४८.०० मा बोलपत्र कबुल गरेकोमा मिति २०७८।१०।९ मा कायदिश दिएको देखिन्छ । प्रोभिजनल सम आइटममा रहेको बीमा वापतको रु. ४४,८३२.९२ भुक्तानी दिएको मा सक्कल बील भएको पाइएन ।बिमा गरेको सक्कल कागजात पेश गर्नुपर्दछ ।	४४,८३२
१०.४			सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा विभिन्न कुराको आधार लिई सम्बन्धित मालसामानको स्पेशिफसकेशन तयार गर्नुपर्ने व्यबस्था रहेको छ ।त्यसैगरी सोही नियमावलीको नियम ११५ मा सम्झौतामा उल्लिखित स्पेशिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरिक्षण वा परिक्षण गराउनुपर्ने हुन्छ । एक विद्यालय एक नर्स कार्यक्रम कार्यक्रम बाट रु ३००००० को ल्यापटप तथा अन्य सामान खरिद गर्दा लागत अनुमान तथा स्पेसिफिकेशन नभई समान खरिद गरेको देखिन्छ ।खरिद प्रक्रियालाई व्यबस्थित बनाउन यस्तो कार्यमा सुधार गर्नुपर्दछ ।	
१०.५			नेत्रावती २ तिकादुंगमा प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमबाट रु. २५,१८,१०८.०० लागत अनुमानमा सिढी निर्माण भएको पाइयो ।उपभोक्ता समितिको २० प्रतिशत र कार्यालयको ८० प्रतिशत योगदान रहने गरी गरिएको सम्झौतामा नापी किताबमा Side Drain Wall (R.C.C) कार्य जम्मा १७१.४९ मिटर क्यूव कार्य उल्लेख भएको छ ।तर भुक्तानीका बखत ९६३.३० मिटर क्यूवको रु ३७५ का दरले भुक्तानी भएकोले देखिन्छ । नापी किताब तथा लागत अनुमानमा उल्लेख गरिएभन्दा बढीको भुक्तानि उपभोक्ता समितिको अंश कट्टा गरी रु २,३७,५४३ असुल गर्नुपर्दछ । रु	२३७,५४३
११			**ठेक्का व्यवस्थापन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । नगरपालिकाले वोलपत्रको सूचना प्रकाशित गरी स्वीकृत भएको ठेक्कामा वोलपत्रदाताले लागत अनुमानको तुलनामा २८ प्रतिशत देखि ३९ प्रतिशत सम्म घटिमा काम गर्ने गरी ठेक्का कवुल गरेको देखिन्छ ।उदाहरणका लागि केही ठेक्काका विवरण देहायमा उल्लेख छ ।लागत अनुमानको तुलनामा धेरै प्रतिशत घटिमा काम गर्ने गरी गराएको कार्यमा सामाग्रीको निर्धारित गुणस्तर र परीमाणमा कार्य भएको सम्वन्धमा यकिन हुने देखिएन ।नगरपालिकामा उपभोक्ता समिति, दरभाउपत्र तथा वोलपत्रको माध्यमबाट समेत धेरै संख्यामा निर्माण कार्य हुने र अनुगमन, निरिक्षण र गुणस्तर निर्धाण गर्न प्राविधिकको संख्या सिमित भएको देखिन्छ ।यसबाट निर्माण कार्य निर्धारित गुणस्तर र परिमाणमा भएको यकिन गर्न सक्ने देखिएन।यस्तो व्यवहारमा सुधार गर्ने गरी ठेक्का व्यवस्था गर्नुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>क्र सं</th><th>योजनाको नाम</th><th>निर्माण व्यवसायी</th><th>लागत अनुमान</th><th>स्विकृत रकम</th><th>घटी प्रतशत</th><th>भुक्तानी</th></tr>
<tr><td>१</td><td>गुठीबजार घोर्मु सिमलभित्ता सडक</td><td>एस.एन.सी.बिल्डर्स प्रा.लि.म्</td><td>१०००७</td><td>६१२०</td><td>३९</td><td>५९०६</td></tr>
<tr><td>२</td><td>कटुन्जेबजार गुरुङ गाउ नयाछाप क्षेत्रीगाउ पुजारी डाडा सडक</td><td>समर कंन्स्ट्क्सन प्रा.लि.</td><td>१०००२</td><td>६४४३</td><td>३६</td><td>३००२</td></tr>
<tr><td>३</td><td>कुपा टिकाढुङ सडक</td><td>गोले निर्माण सेवा प्रा.लि.</td><td>१०००२</td><td>६७१६</td><td>३३</td><td>४९७२</td></tr>
<tr><td>४</td><td>ताङजोमाने फोन डाडा सडक</td><td>ऊं कंन्स्ट्क्सन</td><td>१०००३</td><td>६६८९</td><td>३३</td><td>५४२४</td></tr>
<tr><td>५</td><td>फोन डाडा निमारचोक सडक</td><td>तामाङ निर्माण सेवा</td><td>१०००४</td><td>५७६१</td><td>४२</td><td>४७६८</td></tr>
<tr><td>६</td><td>महेन्द्रबाराही उच्च मा.बि. भवन निर्माण</td><td>ओ.एस. इन्जिनियरीङ निर्माण सेवा</td><td>१६६००</td><td>११९९२</td><td>२८</td><td>९९५१</td></tr>
<tr><td>७</td><td>फ्लोरिङ र क्यानटीन भवन निर्माण</td><td>जन आदर्श निर्माण सेवा</td><td>५०००</td><td>३५३९</td><td>२९</td><td>३१७१</td></tr>
<tr><td>८</td><td>वडा कार्यालय भवन निर्माण वडा नं. ३</td><td>एस.एन.सी.बिल्डर्स प्रा.लि</td><td>९०६४</td><td>५९७४</td><td>३४</td><td>१२७४</td></tr>
<tr><td>९</td><td>हल भवन निर्माण</td><td>एस.एन.सी.बिल्डर्स प्रा.लि.</td><td>९९४५</td><td>६७२२</td><td>३२</td><td>२०४२</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>९०६२८</td><td>५९९५५</td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>पेश्की बाँकी : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा पेश्की दिने तथा फछ्र्यौट गर्ने सम्वन्धि व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार म्याद नाघेको तथा म्याद ननाघेको पेश्की देहाय अनुसार रहेको छ । म्याद ननाघेको पेश्की व्यवस्थापन गरी म्याद नाघेको पेश्कि फछ्र्यौट गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सि.नं.</td><td>मिति</td><td>गो. भौ. न.</td><td>पेश्कीको विवरण</td><td>म्याद ननाघेको</td><td>म्याद नाघेको</td><td>जम्मा</td></tr>
<tr><td>१</td><td>२०७८/१०/०९</td><td>१५</td><td>गैर आवासीय भवन निर्माण/खरिद</td><td>५,९६,९८४</td><td>०</td><td>५,९६,९८४</td></tr>
<tr><td>२</td><td>२०७८/११/२६</td><td>३६</td><td>विषयगत शाखा भवन निर्माण</td><td>८,५०,०००</td><td>०</td><td>८,५०,०००</td></tr>
<tr><td>३</td><td>२०७८/१२/२१</td><td>८१</td><td>वडा कार्यालय भवन निर्माण-३</td><td>८,००,०००</td><td>०</td><td>८,००,०००</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>२२,४६,९८४</td><td>०</td><td>२२,४६,९८४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>
परामर्श सेवा : सार्वजनिक खरिद नियमावली, २०६४ कोनियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । नमुनाका आधारमा छनौट गरी परीक्षण गरेको खर्च भौचर मध्ये पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई सोझौ खरिद गरी रु. ४३,१३,९३१.०० खर्च लेखेको छ।
<table>
<tr><td>मिति</td><td>भौ. नं.</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>२०७८/०९/१९</td><td>११</td><td>सिग्मा इ कन्सल्टेन्सी प्रा लि लाइ डि पि आर वापतको रकम भुक्ता</td><td>४९७२००</td></tr>
<tr><td>२०७८/१०/०५</td><td>१४</td><td>एभेलन इन्जिनियरिङ प्रा लि लाइ वडा ५ को DPR गरेवापतको रकम भुक्ता</td><td>४९७२००</td></tr>
<tr><td>२०७८/११/२९</td><td>४५</td><td>MTEF को रकम जुपिटर नेपाल प्रा लिलाइ रकम भुक्तानी</td><td>४९७२००</td></tr>
<tr><td>२०७८/११/२९</td><td>४६</td><td>लैङ्गिक उत्तरदायी वापत को रकम जुपिटर नेपाल प्रा लिलाइ रकम भुक्तानी</td><td>३४८६०५</td></tr>
<tr><td>२०७८/११/२९</td><td>४८</td><td>जुपिटर नेपाल मल्टिडाइमेन्सनल प्रा लि लाइ लैङ्गिक उत्तरदायित्</td><td>३४८६०५</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२०७८/११/३०</td><td>५१</td><td>डिजिटल प्रोफाइल को पहिलो रनिङ विल भुक्त</td><td>५०००००</td></tr>
<tr><td>२०७८/१२/०४</td><td>५९</td><td>जलेश्वर महादेव कन्सल्टेन्सीलाइ राजश्</td><td>४९८३३०</td></tr>
<tr><td>२०७९/०३/०७</td><td>१८१</td><td>मिडास इन्जिनियरिङ कन्सल्टयान्टलाइ सडक गुरुयो</td><td>७९०४९१</td></tr>
<tr><td>२०७९/०३/२४</td><td>२३३</td><td>गो भौ नं २० संघीय सरकार पुजीगतसग सम्बन्धित डिपिआरको</td><td>३३६३००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>४३१३९३१</td></tr>
</table>

पालिकाले राजस्व सुधार कार्ययोजना तयार गरी जलेश्वर महादेव कन्सल्टेन्सी एण्ड कन्स्ट्रकशन प्रा लि लाई गो भौ नं ५९।०७८।१२।४ बाट रु. ४,९८,३३०.०० भुक्तानी गरेको छ । सुझाव प्राप्त गरी राजस्व व्यवस्थापनमा सुधार गर्ने उदेश्यबाट गराएको परामर्श कार्यक सुझाव कार्यान्वयनमा ल्याएको देखिएन । कार्यान्वयन नहुने क्षेत्रमा गरेको खर्च उपलव्धिमुलक तथा नियमित देखिएन ।
यसैगरी मध्यकालिन खर्च संरचना निर्माण वापत जुपिटर नेपाल मल्टिप्रपोज प्रा लि काठमाण्डौलाई गो भौ नं ४५।०७८।११।२९ बाट रु. ४,९७,२००.०० भुक्तानी भएको छ । प्रतिवेदन प्राप्त गरेका आधारमा भुक्तानी गरेकोमा प्रतिवेदन कार्यान्वयनमा ल्याएको देखिएन । प्रयोगमा नआउने क्षेत्रम खर्च गरेको उपयुक्त देखिएन ।

</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>
अमानत कार्य : सार्वजनिक खरिद ऐन, ०२६३ को दफा ४५ मा सामान्य प्रकृतिको मर्मत संभार, सानातिना कार्य र सरसफाई जस्ता कार्य अमानतबाट गर्ने सम्वन्धि व्यवस्था छ । पालिकाले मरणघाट जाने बाटो, कृषि सडक, गेट निर्माण, ढुवानि खर्च जस्ता निर्माण कार्य समेत अमानतबाट गराई भुक्तानी गरेको छ । यस प्रकृतिका कार्य उपभोक्ता समिति मार्फत गराएकोमा पुनः अमानतबाट समेत गराएको नियमित देखिन आएन ।
<table>
<tr><th>मिति</th><th>भौ. नं.</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>२०७८/१२/२२</td><td>८२</td><td>निर्मल चौधरीलाइ हुलाक गाउ मरणघाट जान</td><td>९४१९८</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२०७८/१२/२३</td><td>८७</td><td>पात्ले खोला अलैचे खेत कृषि सडकको रकम निर्मल चौधरीलाइ भुक्तानी ।</td><td>९१०००</td></tr>
<tr><td>२०७९/०१/१२</td><td>१०९</td><td>शान्तिकाली गेट निर्माणको रकम निर्मल चौधरीलाइ भुक्तानी ।</td><td>९२१४२</td></tr>
<tr><td>२०७९/०२/२०</td><td>१३९</td><td>हुलाकगाउ मरणघाट निर्माणको रकम निर्मल चौधरीलाइ भु ।</td><td>९७०००</td></tr>
<tr><td>२०७९/०३/२४</td><td>२३२</td><td>ढुवानी खर्च रकम जयश्री त्रिपाठीलाइ भुक्तानी ।</td><td>३००००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>४०४३४०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>खानेपानी योजना : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ मा खरिद सम्झौता र सोका शर्त सम्बन्धमा ब्यवस्था छ । सार्वजनिक निकाय सँग गरेको खरिद सम्झौता अनुसारको कार्य तोकीए अनुसार पुरा गर्ने गराउने दायित्व दुबै पक्षमा रहेको हुन्छ । पालिकाले लागत अनुमान रू.७७,५९,७८१.०० को कुविण्डे खोला खानेपानी निर्माण गर्न २० प्रतिशत घटी रू. ६१,९०,३६५.०० कवोल गर्न ओ.एस. इन्जिनियरिङ निर्माण सँग २०७७।११।१२ मा सम्झौता गरेको देखियो । उक्त निर्माण कार्यको २०७९।०२।३० सम्म म्याद थप भएपनि २०७८।०३।२५ पछी कुनै काम भएको छैन । गत बर्ष भुक्तानीका रू. २७,७९,०४९।-आधारमा ४१ प्रतिशत प्रगती देखिएकोले कार्यमा यस बर्ष थप प्रगती नभएको सम्बन्धमा प्रमाण पेश हुन आएन । नापी किताब विश्लेषण गर्दा कार्य अवस्था देहाय अनुसार देखिन्छ ।
<table>
<tr><th>Item</th><th>सम्झौता अनुसारको परिमाण</th><th>कार्य परिमाण</th><th>दर</th></tr>
<tr><td>Stonr mesenry work 1:4 cement matter</td><td>74.04</td><td>8.04</td><td>7000</td></tr>
<tr><td>20 mm thick cement plaster 1:4</td><td>176</td><td>38</td><td>400</td></tr>
<tr><td>Earthwork excavation for pipes</td><td>2523</td><td>640</td><td>100</td></tr>
</table>
</td><td>२,७७९,०४९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>HDPE pipe 63mm</td><td>561</td><td>540</td><td>220</td></tr>
<tr><td>Water meter</td><td>95</td><td>95</td><td>1200</td></tr>
<tr><td>Brass Tap</td><td>95</td><td>95</td><td>300</td></tr>
</table>
उक्त कार्य अवस्थाको विश्लेषण गर्दा एक बर्ष अघि नै पाइप लाइनको कार्य गरीसकेको तथाधारा र मिटर जडान भइसकेको देखिन्छ । कुल ९५ धारा मध्ये सबै धारा जडान भइसक्दा पाइपका लागी खन्ने कार्य २५२३ घन मिटरमा ६४० घन मिटर मात्र भएको देखिन्छ ।यसबाट पाइप जडान नभएको तर धारा जडान गरेको देखिन्छ । यसै गरी स्टोन मेसीनरी कार्य ७४ घन मिटर मध्ये ८ घन मिटर मात्र भएको, प्लाष्टर कार्य १७६ रनिङ मिटर मध्ये ३८ रनिङ मिटर मात्र भएको देखिएकोले इन्टेक बनाउने, ट्यांकी निर्माण र प्लाष्टर गर्ने कार्य भएको देखिएन । धारा र मिटर जडान भइसकेको कार्यमा एक बर्ष सम्म थप प्रगती नभएको, मुहानका संरचना नबनाई सजिलो कार्य मात्र गरेको, सबै धारा जडान भईसक्दा समेत पाइप पुर्ने कार्यको परिमाण अत्यान्त कम देखिएको जस्ता कारण योजनामा सहज किसिमका कार्य गरी भुक्तानी लिएपनि मुहान, संरचनामा निर्माण र पाइपलाइनको कार्य भएको देखिएन । धारा र मिटर जडान पछि एक आर्थिक वर्ष सम्म निर्माण प्रगती नभएको कार्यमा निर्माण कार्य सम्पन्न गराउन प्रभावकारी प्रयास भएको पाइएन । यसबाट निर्माण कार्य थप समयमा समेत सम्पन्न हुने नदेखिएको साथै निर्मित संरचनाको समेत मर्मत संभार र संरक्षण भएको देखिएन साथै सम्झौता अनुसारको दायित्व पुरा नगरी कार्य अधुरो छोडेको देखिएकोले सम्झौता अनुसार नगरी सरल किसिमको कार्यमा मात्र प्रगति देखाइ भुक्तानी गरेको नियमित देखिएन रू...</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>टोड्के धमलागाउँ सडक : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ मा खरिद सम्झौता र सोका शर्त सम्बन्धमा ब्यवस्था छ । खरिद सम्झौता अनुसार विल अफ क्वान्टिटिमा उल्लेख कार्य शर्तका अधिनमा रही पुरा गर्नु गराउनु निर्माण ब्यावसायि र पालिका दुबैको दायित्व रहन्छ ।प्रदेश समपुरक अनुदानबाट निर्माण हुने लागत अनुमान रू. १,९३,९९,२९७.००को टोड्के धमलागाउँ सडक निर्माण गर्न ५४.१५ प्रतिशत घटी कवोल गर्न लेकालि निर्माण सेवासँग रू.९४,३३,१७३.०० को निर्माण कार्य सम्झौता भएकोमा ५४ प्रतिशत कार्य गरी रू. ५१,०७,८०१.०० भुक्तानी पछि थप प्रगति भएको छैन । पालिकाको स्रोतबाट थप बजेट ब्यवस्थापन गर्ने गरी निर्णय भएकोमा तुलनात्मक रुपमा बढी दर कवोल गरेको कम्याक्सन</td><td>५,१०७,८०१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>र ग्राभेलको कार्य गरेपनी न्यून कवोल दर भएका देहाय अनुसारका स्टोन सोलिङ,प्लेन सिमेन्ट कंक्रिट, ग्याविन मेसिनरी कार्य गरेको देखिएन ।
<table>
<tr><th>Particulars</th><th>Estimate rate</th><th>Bill rate</th><th>Estimate Qty</th><th>Worked Qty</th></tr>
<tr><td>Stone soling work</td><td>2500</td><td>1500</td><td>409</td><td>78</td></tr>
<tr><td>Plain cement concrete</td><td>13258</td><td>7000</td><td>202</td><td>24</td></tr>
<tr><td>Gabin mesenry work</td><td>3159</td><td>2500</td><td>300</td><td>90</td></tr>
</table>
सम्झौता अनुसार दायवत्व पुरा नगरी ५४ प्रतिशत मात्र प्रगती भएको र पालिका स्रोतबाट थप बजेट बेहोर्ने निर्णय समेत भएको कार्य समयमा सम्पन्न नगरी निर्माण ब्यावसायिलाई सहज हुनेगरी फरफार गरेको नियमित देखिएन । प्रदेश समपुरक अनुदानको बजेट निर्माण कार्यका प्रक्रिया पुरा गरी सम्पन्न गर्न सक्ने समय कायम गरी निकासा प्राप्त गर्ने र निर्माण सम्झौता अनुसारको कार्य निर्धारीत समयमा सम्पन्न गर्ने गरी ठेक्का ब्यवस्थापनमा सुधार गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>कटुञ्जे बजार गुरुङ गाउँ सडक : लागत अनुमान रू. ९७,०१,९६.००को कटुञ्जे बजार गुरुङ गाउँ सडक निर्माणका लागी ३६.६८ प्रतिशत घटी रू. ६१,४३,०५९.०० कबोल गर्ने समर कन्स्ट्रक्सन प्रा.लि सँग ५ महिना भित्र कार्य सम्पन्न गर्ने गरी ०७८।०९।२२ मा सम्झौता भएको देखियो ।खर्चको आधारमा ४२ प्रतिशत कार्यको प्रथम रनिङ बील बापत रू. २६,०२,३५५.०० भुक्तानी भएपछि प्रदेश समपुरक अनुदान फिर्ता भएको छ भने निर्माण कार्य समेत अधुरो रहेको पाईयो । निर्माण ब्यावसायीले एस्काभेसन, सोलिङ, स्टोन मेसिनरी जस्ता तुलनात्मक रुपमा बढी दर कबोल गरेको र सहज कार्य गरी भुक्तानी लिएपनि देहायमा उल्लेख भए अनुसारको प्लेट सिमेन्ट, कंक्रिट, आर सिसि र पिसीसी, ह्युमन पाईप, रि इन्फोसिमेन्ट र सिमेन्ट कंक्रिट जस्ता न्यून दर कवोल गरेको कार्य गरेको छैन । समपुरक अनुदान फिर्ता पठाई सहज किसिमका कार्य मात्र गरेको आधारमा भुक्तानी गरी कम दर कवोल गरेको कार्य गर्नु नपर्ने गरी निर्माण कार्य फरफार गरेको नियमित देखिएन । निर्माण कार्य सम्पन्न गर्ने पर्याप्त समय कायम गरी सम्झौता गर्ने र सम्झौता अनुसारको दायित्व पुरा भएपछि मात्र ठेक्का फरफार गरी तोकिएक अनुसारको निर्माण कार्य निर्धारित गुणस्तर अनुसार सम्पन्न गर्नुपर्दछ ।
<table>
<tr><th>Item no</th><th>Description</th><th>Qtt</th><th>Rate</th><th>Amount</th></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>1</td><td>Plain cement concrete 1:2</td><td>32</td><td>7500</td><td>240000</td></tr>
<tr><td>2</td><td>RCC and PCC work</td><td>139</td><td>550</td><td>76450</td></tr>
<tr><td>3</td><td>Plain cement concrete 1:3</td><td>51</td><td>9000</td><td>459000</td></tr>
<tr><td>4</td><td>Hum pipe NP3 90 cm</td><td>15</td><td>15000</td><td>225000</td></tr>
<tr><td>5</td><td>Reinforcement cement</td><td>22</td><td>8500</td><td>187000</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>राम्चे विद्युतिकरण : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं. २०।०७८।१०।२३ बाट राम्चे विद्युतिकरण कार्यको लागी देहायका सामाग्री खरिद गरी अनकन्या निर्माण सेवालाई रू. ९,६५,८१०.०० भुक्तानी गरेको छ । आलमुनियम केवल, सस्पेन्सन क्ल्याम्प, ए.बि.सि. केवल जस्ता समाग्री खरिदको भुक्तानी गरेकोमा सामन जडान सम्बन्धमा यकिन हुने सिभिल वर्क र कार्य सम्पन्न सहितको नापी किताब पेश हुन आएन । खरिद भएका सामन आम्दानी, जडान गरी कार्य सम्पन्न भएको प्रमाण पेश हुनुपर्दछ । रू...</td><td>९६५,८१०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>Item no.</th><th>Item</th><th>भुक्तानी</th></tr>
<tr><td>१</td><td>4 core ABC cable</td><td>720720</td></tr>
<tr><td>२</td><td>Suspension clamp set</td><td>29700</td></tr>
<tr><td>३</td><td>Pg tail hook</td><td>8910</td></tr>
<tr><td>४</td><td>Distribution clamp</td><td>4000</td></tr>
<tr><td>५</td><td>Dead and clamp</td><td>4800</td></tr>
<tr><td>६</td><td>Insilation piercing connector</td><td>8000</td></tr>
<tr><td>७</td><td>ABC cable straing work</td><td>61490</td></tr>
<tr><td>८</td><td>Transporation</td><td>14500</td></tr>
<tr><td>९</td><td>Sign board</td><td>4800</td></tr>
<tr><td></td><td>जम्मा</td><td>856920</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>मर्मत कार्य :

पालिकाले सडक निर्माण कार्य निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत गराउदै आएको छ । सडक निर्माण कार्यमा फ्रेस कटिङ्गको कार्य धेरै परीमाणमा गरी कच्चि बाटो खुलाउने गरेपनि पर्षा याममा समेत दिगो हुने गरी रिटेनिङ्ग वाल तथा ड्रेनेज जस्ता संरचना सहित स्थायी तथा स्थिर प्रकृतिको बाटो निर्माण गर्ने गरेको पाइएन । यसवाट पालिकाले वर्षेनी सडक निर्माणमा बजेटको ठुलो हिस्सा खर्च गरेपनि सडक स्थिर हुन नसकि प्रत्येक वर्ष मर्मत खर्च बढ्दै गएको पाइयो । डोजर प्रयोग गरी कच्चि वाटो निर्माण गर्ने र मर्मतमा वर्षेनि ठुलो रकम खर्च गर्दा खर्च उपलब्धिमुलक नहुनाका साथै निर्मित संरचना समेत अस्थिर रहन गएको देखिन्छ । मर्मत संभार खर्चमा मितव्ययिता ल्याउन स्ट्रक्चर सहितको दिगो किसिमको सडक निर्माण गरी वर्षेनि हुने मर्मत खर्चमा कमी ल्याउनु पर्दछ । पालिकाले गत विगतका सडक योजना दिगो किसिमले कार्यान्वयन नगरेका कारण यस वर्ष मर्मतकार्यमा खर्च गर्नुपरेका केही उदाहारण देहायमा उल्लेख छ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

मिति	भौ. नं.	विवरण	रकम
२०७८/०८/२७	९	वडा न १ को सडक मर्मत गरेवापतको रकम हिमरुङ कन्स्ट्रक्शनलाइ भुक्त	१९५५६६
२०७८/१०/०५	१३	एन एस एन प्रा लि लाइ बाटो मर्मत बापतको रकम भुक्तानी।	१९७०७२
२०७८/१०/२७	३२	पन्तटार बोरोल चौतारा बासपानी सडक मर्मत उस	४७६०००
२०७८/१२/०४	५६	लपाङ सडक मर्मत ४ लाइ रकम भुक्तानी	४२८०००
२०७८/१२/०४	५८	लपाङ सडक मर्मत ४ लाइ रकम भुक्तानी	४२८०००
२०७९/०२/२५	१५०	गैरा वाका सडक ड्रेन नि तथा स्तरोन्नत	३२१०००
२०७९/०३/०७	१७९	मानाचामल खोला सडक मर्मत उसलाइ रकम भु	२०८९२०
२०७९/०३/१४	१९२	फोन डाडा देखि अर्चले सम्म सडक स्तरोन	४१६९००
२०७९/०३/२३	२२०	लामिडाँडा माथिल्लो सडक मर्मतलाइ रकम	१२८९८२
२०७८/०८/२७	८	वडा न १ २ ३ ४ को सडक मर्मत गरेवापतको रकम खनियावास कन्स्ट्रक्शनल	३३८६५१
		जम्मा	३१३९०९१

२०			**विविध व्यहोरा :** ढुङ्गा गिट्टि ठेक्का तथा हेफरको अनुदान सहयोग सम्वन्धमा देखिएका व्यहोरा देहायमा उल्लेख छ ।	
२०.१		२०७९-५-१४	वागमती प्रदेश आर्थिक ऐन,२०७८ को दफा ९ मा ढुंगा, गिट्टी, बालुवा दहत्तर बहत्तर संकलन अनुसुचि ५ मा तोकिएका दरमा नघटने गरी शुल्क लागाइने र असुल गरीने उल्लेख छ । साथै उक्त ऐनको दफा ११ मा यस ऐनमा उल्लेख	१,२३८,३२९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			गरिएको दरहरु आवश्यकता अनुसार प्रदेश सरकारले मात्र परिवर्तन गर्न सक्ने व्यवस्था छ । पालिकाले ढुंगा,गिट्टी, बालुवा र ग्राभेल उत्खनन गर्ने रु. १५,०१,०००.०० ठेक्का अंक कायम गरी श्री लिखु निर्माण सेवा प्रा लि, काठमाडौंसंग मिति २०७८।६।१०मा आय ठेक्का सम्झौता गरेको पाइयो । सम्झौता अनुसार प्रथम किस्ता बापत हुने २५ प्रतिशत रु. ३,७५,२५०.०० गाउँपालिकालाइ बुझाए पनि बाँकी ७५ प्रतिशत लेखापरीक्षण अविधि सम्म बुझाएको छैन । सम्झौता अनुसार बाँकी २ किस्ताको रु.११,२५,७५०.०० मा १० प्रतिशतले थप जरिवाना रु. १,१२,५७५ समेत रु. १२,३८,३२५.०० असुल गरी दाखिला हुनुपर्ने देखिन्छ । रु...	
२०.२		२०७९-५-१४	स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६८ मा स्थानीय तहले कुनै पनि ऋण अनुदान स्वीकार गर्न नेपाल सरकारको स्वीकृति लिनुपर्ने वा गाउँसभाले निर्णय गरेर मात्र ऋण तथा अनुदानसहयोग लिनुपर्ने व्यवस्था छ । पालिकाले हेफर इन्टरनेशनल नेपालबाट रु. १५,००,०००.०० सहयोग लिइ स्वास्थ्य सम्बन्धि कार्यक्रम सञ्चालन गरेकोमा निर्धारित प्रकृया पुरा गरेको देखिएन । गैर सरकारी संस्थाबाट अनुदान प्राप्त गर्दा प्राप्ति र खर्च सम्वन्धि शर्त सहितको सम्झौता गरेको पाइएन । खर्चका शर्त र कार्यक्रम यकिन नगरि लिएको रकमबाट खर्च गर्दा उदेश्य विहिन खर्च हुन गई अनुदानको सदुयोग भएको यकिन हुने देखिएन । खर्चका व्यहोरा र शर्त कायम गरी सम्झौताका आधारमा कार्यक्रम सञ्चालन हुनेगरी मात्र सहयोग लिने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।	
२१			**उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउने कार्यविधि सम्वन्धि व्यवस्था छ । उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारवाहिका सम्वन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको प्रकृया बमोजिम तोकेको अवधिभित्र सामाजिक लेखापरीक्षण गर्नुपर्ने साथै निर्माणकार्य सम्पन्न भएपछि सार्वजनिक निकायले रेखदेख तथा मर्मत संभारको जिम्मेवारी तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति र लाभग्राही समुदायलाई हस्तान्तरइ गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उपभोक्ता समिति मार्फत गराएको कार्यमा खर्च सार्वजनिकिकरण गरेकोछैन भने योजनाका सम्वन्धमा सामाजिक लेखापरीक्षण गरेको देखिएन । यसैगरी निर्मित योजना तथा संरचना उपभोक्ता समिति तथा लाभग्राही समुदायलाई हस्तान्तरण गरेको पाइएन । अधिकाङ्गस योजना उपभोक्ता समिति मार्फत सञ्चालित भएपनि नियमावलिको व्यवस्था अनुरुपमा कार्य भएको पाइएन । केही उदाहारण देहायमा उल्लेख छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

मिति	भौ. नं.	विवरण	भुक्तानी
२०७९/०२/१०	११९	घले गाउँ सामुदायिक भवन नि समिति	७४९०००
२०७९/०२/१०	१२०	मम्वाटोल गोरेटो बाटो स्तरोन्नति उस	२१४०००
२०७९/०२/१०	१२१	किन्ताङ्गवती खाप उस	२१४०००
२०७९/०२/१०	१२२	चापकुना खेल मैदान उस	१६०५००
२०७९/०२/१०	१२३	सेल्ले बस्ती मेशिनरी वाल उस	२१४०००
२०७९/०२/१०	१२५	सेमजोङ स्वास्थ्य चौकी स्टोर मर्मत उस	४८१५००
२०७९/०२/१६	१२९	चक्कर खोला खानेपानी मर्मत उपभोक्ता	१७४९६०
२०७९/०२/१६	१३०	केवरा खापा मर्मत उपभोक्ता समिति	८५६०००
२०७९/०२/२०	१३२	पोल्चेत सिरानटोल खापा उस	१५७२००
२०७९/०२/२०	१३३	केवरा सामुदायिक भवन मर्मत उस	३२१०००
२०७९/०२/२०	१३४	गैरा वातिपाङ खेल मैदानमर्मत उस	१०७०००
२०७९/०२/२०	१३५	छवगाउ एक घर एक धारा उसलाइ	३२१०००
२०७९/०२/२०	१३६	चिलिङ्जोङ मरणघाट खापा	१९०८०६
२०७९/०२/२०	१३८	प्लेङदुङ पहिरो उस	२१४०००
२०७९/०२/२५	१४२	टेपुहोत्तोङ खापा ट्याङ्की नि उस	१५५८७८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			२०७९/०२/२५ | १४३ | चौतारा नाबिबन मरणघाट नि उस | २२४००० २०७९/०२/२५ | १४४ | ज्याम्बल गुम्बा नि उस | ४७६६०० २०७९/०२/२५ | १४५ | पुरानोछाप सडक उस | १५९९०००	
२२			**सामाजिक सुरक्षा :** नेपाल सरकारले वजेटमा व्यवस्था गरी जेष्ठ नागरिक, विधवा, अशक्त तथा दलित वर्गलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ ।आ.व. ०७६/७७ मा यस नगरपालिकामा देहाय वमोजमको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु रहेका छन्।यस आ.व.मा सामाजिक सुरक्षा कार्यक्रममा रु. ७,१८,६४,७७६.०० खर्च भएको छ ।लाभग्राहीलाई वैंक मार्फत सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउदै आएको छ । कार्यालयले लाभग्राहीको खातामा जम्मा हुने गरी निकाशा दिएको रकमबाट तेस्रो चौमासिक सम्म पनि रकम नझिकेमा उक्त खाता फ्रिज हुने व्यवस्था गरेकोमा फ्रिज भएको खाताको रिकन्साइल गरेको छैन । उक्त रकम सम्वन्धितको खातामानै रहेको र फिर्ता भएको छैन। लाभग्राहीको वास्तविक अवस्था पत्ता लगाई रकम व्यवस्थापन गर्नुपर्दछ ।	